पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड १०) पोखरा, असोज १४ गते, २०८३ साल (संख्या ४

## भाग १

## पोखरा महानगरपालिका

## न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन (तेस्रो संसोधन) २०८३

| क्र.स | दफा न. | हालको व्यवस्था | संसोधनपछिको व्यवस्था | कारण |
|---|---|---|---|---|
| १. | न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन २०७४ (दोस्रो संशोधन) को दफा ६३ को उपदफा १ | न्यायिक समितिले ऐनको दफा ४ वमोजिम अधिकार क्षेत्र प्रयोग गर्दा पति पत्नी वीचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादका पिडित, निजको नाबालक सन्तान वा निजसंग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्नेछ । | न्यायिक समितिले ऐनको दफा ४ वमोजिम अधिकार क्षेत्र प्रयोग गर्दा पति पत्नी वीचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादका पिडित, निजको नाबालक सन्तान वा निजसंग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश अन्तर्गत रु. ३०००।- (अक्षरुपी तीन हजार रुपैँया मात्र) देखि रु. २५०००।-(अक्षरुपी पचीस हजार रुपैया मात्र) सम्म दिन सक्नेछ। | यो कार्यालय सनिसा अन्तर्गत संचालित रहेको र निजी क्षेत्र सँग जोडिएको काम गर्ने सजिलो हुने हुँदा |
| २. | पोखरा महानगर पालिका खर्च संचालन निर्देशिका, २०८१ को दफा ३१ को उपदफा ५ | न्यायिक समितिमा परेका विवादहरुको समाधान गर्ने क्रममा विभिन्न विषयमा फिल्ड निरीक्षण गर्नुपर्ने भएमा त्यस्तो फिल्डमा खटिने, मापन गर्ने कार्यमा संलग्न प्राविधिक कर्मचारीलाई प्रति विवाद प्रोत्साहन स्वरुप रु. १०००।(अक्षरुपी एक हजार रुपैँया) र सो कार्यमा सहयोग गर्न फिल्ड जाने कर्मचारीलाई प्रति विवाद प्रोत्साहन स्वरुप रु.५००।-(अक्षरुपी पाँच सय रुपैया) उपलब्ध गराइनेछ। | न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन मा समावेश गर्नुपर्ने। | |

| | | | | |
|---|---|---|---|---|
| ३ | पोखरा महानगर पालिका खर्च संचालन निर्देशिका, २०८१ को दफा ३१ को उपदफा ६ | न्यायिक समिति अन्तर्गत महानगर र विभिन्न वडामा गएका मेलमिलाप केन्द्रहरुका सूचीकृत मेलमिलापकर्तालाई प्रति विवादको बढीमा पाँच बसाइ सम्म प्रति बसाई रु. ७००।-(अक्षरुपी सात सय रुपैया) उपलब्ध गराइनेछ। | न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन मा समावेश गर्नुपर्ने। | |

**प्रमाणिकरण मिति**

**२०८३।०६।१४**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**